# १२ बुद्धिमानी मानिस नम्र हुन्छ

*<u>यस अध्यायका मूल पदहरू</u>*: हितोपदेश ३०, लूका १८:९-१४, अय्यूब ३८-४०:२, १ यूहन्ना १:९, प्रकाश ३:१४-१८, भजन १०४:२४।

*<u>स्मरण गर्नुपर्ने मूल पद</u>*: **"जो आत्मामा नम्र हुन्छन् तिनीहरू धन्यका हुन् किनभने परमेश्वरको राज्य तिनीहरूकै निम्ति हो।" मत्ती ५:३ रूपान्तरित।**

**बाइबलमा नम्र हुनु एक उच्च आदर्श स्वभावको रूपमा लिइन्छ।** परमेश्वरका महान् योद्धा तथा अगमवक्ता मोशालाई मानव इतिहासमा अत्यन्त नम्र तथा आफ्नो भाऊ नखोज्नेको रूपमा लिइन्छ (गन्ती १२:३)। परमेश्वरको परमभक्तको मौलिक आदर्श चरित्र भनेको परमेश्वरको साथमा नम्र भएर हिंड्नु हो भनेर अगमवक्ता मीकाले ६:८मा कोरेका छन्। कसैले आफू उहाँको जन हो भनेर दावी गर्छ भने कोमल, नम्र तथा आफ्नो भाऊ नखोज्ने स्वभाव भएको परमेश्वर अपेक्षा गर्नुहुन्छ। येशूभक्तको आदर्श चरित्र पनि कोमल र नम्र हुनुपर्छ भनेर येशूले भन्नुभएको छः "जो मानिस यस साना बालक जस्तो नम्र तथा कोमल भएर आफूलाई झुकाउँछ त्यो मानिस स्वर्गको राज्यमा अति महान् भनेर कहलाउँछ।" (मत्ती १८:४ रूपान्तरित)।

आखिरमा हामीले हाम्रो आदर्श के मा देखाउनु छ र? हामीहरूले फेर्ने प्रत्येक सास, प्रत्येक मुटुको धढकन, प्रत्येक बरदान , प्रत्येक प्रतिभा तथा दक्षता परमेश्वरबाट मात्र आउँछ। उहाँमा नै "हामी जिउँछौं, हलचल गर्छौं र जीवन चलाउँछौं।" (प्रेरित १७:२८)। जब हामी क्रुसमा हेर्छौं हामीहरूको सबै धार्मिकता, असल स्वभाव, धर्मकर्म वा स्वर्ग जाने प्रयासहरू सबै फोहरी थाङ्ना जस्तै हुनजान्छ (यशैया ६४:६)। त्यस परिवेशमा हामीले जतिसुकै ठूलो कामहरू गऱ्यौं भनेर अभिमान गर्नुको अर्थ के छ र?

नम्र वा कोमल हुनुको परिभाषामा आधारित यस अध्यायको विषयवस्तु हो। हामीहरूले हामीहरूलाई खोतल्दा कोमल र नम्र नहुनु कस्तो मूर्खता रहेछ भनेर महसूस गर्नुको बिकल्प अरू नभएको पाउँछौं।

## १. आफू को हो भनेर घमण्ड गर्ने? (हितोपदेश ३०:१-३, ३२,३३)

हितोपदेश ३०:१-३, ३२,३३ले हामीलाई के भन्न खोजिरहेको छ? हेर्नुहोस्: **" १ याकेका छोरा आगूरका नीतिवचन– एक ईश्वरवाणीः यस मानिसले इथीएल र यूकाललाई घोषणा गरेका हुन्: २ "मानिसहरूमध्ये म सबभन्दा अबूझ हुँ, मानिसमा हुनुपर्ने समझशक्ति मसँग छैन। ३ मैले बुद्धि प्राप्त गरेको छैनँ, न त मलाई परमपवित्रको ज्ञान नै छ।... ३२ "यदि तिमीले मूर्ख चाल चलेर आफैलाई फुर्कायौ भने, वा तिमीले खराबीको योजना गरेको छौ भने, तिम्रो मुखमा हात राखिहाल्! ३३ किनभने दूध मथेर घिउ निस्कन्छ, र नाक माड्यो भने जसरी रगत निस्कन्छ, त्यसरी नै रीस उठाउनाले झगड़ा उत्पन्न हुन्छ।"**

बाइबलको समयमा मध्यपूर्वका राजाहरू महिमा र यश पाउनको निम्ति प्रतिस्पर्धा गर्दथे। माथिका पदहरूमा आफ्नो भाऊ खोज्ने नम्रताभन्दा फरक भएको पाउँछौं। धन सम्पत्ति, ज्ञानबुद्धि र बिजयमा त्यसबेलाका राजाहरू प्रायजसो गौरब गर्दथे। तत्कालिन संसारक सबभन्दा धनी र बुद्धिमानी राजा सोलोमन थिए भनेर प्रख्यात थिए (१ राजा १०:२३, उपदेशक २:९)। अनि बेबिलोनको अर्धात् आधुनिक इराकको सम्राट नेबुकदनेजारले यसरी घोषणा गरेका थिए "यस महान् बेबिलोनमा मेरो दरबार मैले बनाएको होइन र? मेरो ठूलो पराक्रमले यो निर्माण गरेको हुँ। यसले मेरो राज्य कस्तो महान् र शक्तिशाली छ भनेर देखाउँदछ।" (दानिएल ४:३० रूपान्तरित)।

माथिको हितोपदेशको लेखकले आफ्नो समझशक्ति कतिको सिमित छ भनेर बुझेकोले घमण्ड गर्नु मूर्खता हो भनेर बताउँछन्। हिब्रू भाषामा मूर्ख शब्दलाई नाबाल भनेर प्रयोग गरिन्छ। अबिगेलको श्रीमानको नाउँ पनि नाबाल थियो, जसले आफ्नो फलिफापमा मूर्ख घमण्ड गर्दा कस्तो मोल चुकाउनु परेको थियो भनेर देखाउँछ (१

शमूएल २५)। अहँतामा प्रार्थमिकता दिने मानिस लज्जित पनि खप्नु पर्ने हुन्छ। उसको कमीकमजोरीहरू देखाउँदा ऊ झगडालु र क्रोधित हुनसक्छ। आफूलाई सबै कुरा थाहा छ र बुद्धिमानी छु भनेर घमण्ड गर्ने आफ्नो चर्चका केही सदस्यहरूलाई मूर्ख भनेर प्रेरित पावलले सम्बोधन गरेका थिए (२ कोरन्थी ११:१८,१९)।

**लूका १८:९-१४मा एक जना फरिसी पण्डितको बारेमा चर्चा गरिएको छ। कतिपय आफू धर्मात्मा वा अरूभन्दा धर्मी छु भनेर घमण्ड गर्नेहरू त्यस पण्डितको पङक्तिमा पर्न सक्छ। हामी त्यसमा नपर्न कसरी सतर्क अपनाउने? हेर्नुहोस्: " ९ आफैमाथि भरोसा राख्नेहरू र आफैलाई धर्मी ठानी अरूहरूलाई तुच्छ ठान्नेहरू कसै-कसैलाई उहाँले यो दृष्टान्त सुनाउनुभयो: १० "दुई जना मानिस प्रार्थना गर्न मन्दिरमा गए– एक जना फरिसी र अर्कोचाहिँ कर उठाउने। ११ फरिसीले उभिएर मनमनै यसरी प्रार्थना गर्‍यो, 'हे परमेश्वर, म तपाईंलाई धन्यवाद दिन्छु, म अरू मानिसहरूजस्तो धुताहा, अन्यायी, व्यभिचारी, अथवा यही कर उठाउनेजस्तो पनि छैनँ। १२ म हप्तामा दुई पल्ट उपवास बस्तछु। मैले पाएका सबै थोकको दशांश म दिन्छु।' १३ "तर कर उठाउनेचाहिँ टाढ़ै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिट्यो, 'हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्!' १४ "म तिमीहरूलाई भन्दछु, योचाहिँ मानिस त्यस अर्कभिन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो। किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ।"**

घमण्ड गर्ने वा आफू को को न हुँ भनेर फाइफुँट्टी लगाउने मानिसहरूदेखि हामी दुःख मान्नुपर्छ। (घमण्ड गर्ने मानिसहरू प्रायजसो आफू को हो भनेर अनिश्चित भएको हुन्छ)। आफूले आफैलाई धोका दिने खालका र मूर्खहरूको चरित्रलाई आफैले पर्दाफास गरिरहेका हुन्छन्।

## २. परमेश्वरको ज्ञान आफूमा छ रे? (हितोपदेश ३०:३-६)

परमेश्वरलाई व्यक्तिगत रूपमा चाहीं नचिन्ने वा उहाँको भक्ति मार्गमा चाहीं हिँड्न नचाहने तर उहाँको बारेमा थाहा छ भनेर घमण्ड

गर्नु वा धर्मशास्त्रको बारेमा केही अध्ययन गरेको आधारमा आफू अरूभन्दा धर्मात्मा छु भनेर अभिमान गर्नु पनि मानिसको स्वभाव हो। तर जो मानिस परमेश्वरको नजिक रहन्छ त्यो मानिस नम्र र कोमल हुन्छ। आफूभन्दा महानसँग प्रार्थनाद्वारा सम्पर्क राखिराख्ने व्यक्तिले आफूलाई अभिमान बन्न दिँदैन। सारा जगतको आकारको बारेमा सोच्नुहोस्। त्यस जगतलाई सृष्टि गर्नुहुने परमेश्वरको उपासक हामी हौं भनेर सोच्नुहोस्। अनि त्यही परमेश्वर मानवरूपी येशू भएर हामी सबैको निम्ति क्रुसको निर्मम यातना भोगेर टाँगिनुभयो, त्यसको बारेमा पनि सोच्नुहोस्। जब हामीहरूको दिमागमा परमेश्वरका ती महान् कार्यहरू तैरिएर बस्छ तब हामीमा घमण्डलाई कसरी ठाउँ दिन सक्छौं र? परमेश्वरलाई दिमागमा राखिरहन्दा अभिमानसँग संघर्ष गर्नु आवश्यकता नै उब्जैन।

**परमेश्वरको शक्ति, सार्वभौमिकता र रहस्यको बारेमा हितोपदेश ३०:३-६ले के भन्छ? हेर्नुहोस्: "१ याकेका छोरा आगूरका नीतिवचन– एक ईश्वरवाणीः यस मानिसले इथीएल र यूकाललाई घोषणा गरेका हुन्: २ "मानिसहरूमध्ये म सबभन्दा अबूझ हुँ, मानिसमा हुनुपर्ने समझशक्ति मसँग छैन। ३ मैले बुद्धि प्राप्त गरेको छैनँ, न त मलाई परमपवित्रको ज्ञान नै छ। ४ स्वर्गसम्म को उक्लेको छ र तल ओर्लेर आएको छ? कसले बतासलाई आफ्नो हातको मुट्ठीमा बटुलेको छ? कसले पानीलाई आफ्नो खास्टोमा लपेटेको छ? पृथ्वीका चारैतिरको अन्तसम्म कसले स्थापित गरेको छ? उहाँको नाउँ के हो, र उहाँका पुत्रको नाउँ के हो? यदि तिमीलाई थाहा छ भने मलाई भन्! ५ "परमेश्वरको हरेक वचन दोष रहित छ। उहाँमा शरण लिनेहरूका निम्ति उहाँ ढाल हुनुहुन्छ। ६ उहाँका वचनहरूमा नथप्, नत्रता उहाँले तिमीलाई हप्काउनुहुनेछ र झूटा प्रमाणित गर्नुहुनेछ।"**

परमेश्वरको ज्ञान हुनु भनेकै परमेश्वरको बारेमा ज्ञान हुनु हो। हितोपदेश ३०:४मा पाँचवटा प्रश्नहरू सोधिएका छन्। ती प्रश्नहरूले परमेश्वरको बारेमा कति थाहा छैन भनेर हामीलाई जिकिर गराउँछ।

**हितोपदेश ३०:४मा सोधेका प्रश्नहरू फेरि पढ्नुहोस्। तिनीहरूले हामीलाई के चुनौती दिँदछ?**

परमेश्वर सृष्टिकर्ता हुनुभएकोले उहाँ हामीहरूको समझशक्ति भन्दा अपार हुनुहुन्छ। उहाँलाई बुझ्ने क्षमता हामीमा छैन। (उहाँको बारेमा सबै थाहा छ भनेर धाक लगाउनु कमिलाले हात्तीको बारेमा सबै थाहा छ भनेर धक्कु लगाउनु जस्तै हो)। अय्युबको पुस्तकमा पनि परमेश्वरले केही मात्रामा त्यही प्रश्नहरू सोधेर अय्युबलाई चुनौती दिनुहुन्छ ताकि उहाँका मार्गहरू उनलाई थाहा छ भनेर अभिमान नगरून् (अय्युब ३८-४०:२)।

परमेश्वर सारा जगतका सृष्टिकर्ता हुनुहुन्छ। उहाँको बारेमा हामीलाई सबै बुझ्न सक्दैनौं। उहाँको लिखित निर्देशन वा बाइबललाई हामीले कसरी लिनुपर्छ भनेर उपरोक्त महत्त्वपूर्ण पाठले हामीलाई सिकाउनुपर्छ। बाइबलका विद्वानहरूले परमेश्वरको बारेमा जहिले पनि प्रश्नका प्रवाहहरू खन्याइ रहेका हुन्छन् र उहाँको खोजनिती गरिरहेका हुन्छन्। रहस्य नै रहस्यले भरिएका प्राकृतिक संसारका सानातिन कुराहरूले त हामीलाई अलमल पार्छ भने परमेश्वरको बारेमा आफूलाई थाहा छ भनेर के हामीले आँट गर्ने? त्यस परिप्रेक्ष्यमा परमेश्वरको वचन वा बाइबलको बारेमा चुनौती वा शास्त्रास्थ वा वहस गर्नु के हामीलाई सुहाँउछ? पवित्र धर्मशास्त्र बाइबलमा कतिपय सानातिना कुराहरू छन् जसलाई नबुझ्दा हामीलाई अलमलमा पार्न सक्छ वा बाधा दिन सक्छ, तर त्यसो भयो भन्दैमा बाइबलको गरिमाप्रति प्रश्न उठाउन के हामीमा क्षमता छ र?

**सृष्टिको महिमा र रहस्यको बारेमा गहिरिएर सोच्नुहोस्। परमेश्वरको महिमा र रहस्यको बारेमा तिनीहरूले हामीलाई कसरी बताउन खोज्दछ? परमेश्वरको महान् यश, महिमा र रहस्यहरूले हामीलाई सान्त्वना र आशा किन दिन लगाउँदछ? सोच्नुहोस्।**

## ३. न त धेरै न त थोरै (हितोपदेश ३०:७-९)

हितोपदेशको पुस्तकभरि केवल ३०:७-९मात्र पदहरू छन् जसमा परमेश्वरप्रति  आभार प्रकट गर्दै प्रार्थना व्यक्त गरेका छन्।

उपरोक्त प्रार्थनाको लगत्तै पछि परमेश्वर महान् सृष्टिकर्ता हुनुहुन्छ र उहाँका प्रतिज्ञाहरूलाई पालन गर्न उहाँ प्रतिवद्ध हुनुभएको चिनारी आकस्मित होइन।

हितोपदेश ३०:७-९ पढ्नुहोस् र त्यहाँ व्यक्त गरेका जिज्ञासाहरूलाई किन कसैले सोध्दछन्? **"७ "म तपाईंसँग दुई वटा कुरा माग्दछु, हे परमप्रभु। म मर्न अघि ती मबाट इन्कार नगर्नुहोस्। ८ असत्यता र झूटा कुरा मबाट टाढ़ै राख्नुहोस्, न त मलाई दरिद्रता न धन-सम्पत्ति दिनुहोस्, तर मलाई केवल दिन-दिनको रोटी दिनुहोस्। ९ अन्यथा मसँग धेरै भएकोले म तपाईंलाई इन्कार गरुँला, र 'परमप्रभु को हो र?' भनुँला, अथवा म गरीब भएकोले चोरी गरुँला, र परमप्रभु मेरा परमेश्वरको नाउँ अपमानित पारुँला।"**

परमेश्वरसँग केही माग्नुभन्दा पहिले हामीहरूको सम्बन्ध उहाँसँग मजबुत छ कि छैन भनेर थाहा पाउनु जरुरी छ। यदि परमेश्वरसँग खेलाँची गरेर बिन्ती गर्‍यौं वा केही माग्यौं भने उहाँ साँच्चिकै परमेश्वर होइन भनेर हामीले हाम्रो मनमा गाभिन दिन्छौं। परमेश्वरलाई सबै कुरा थाहा छ र उहाँबाट केही पनि लुकाउन सकिन्दैन। यदि हामी हामीहरूको पापको क्षमाको अपेक्षा गर्छौं भने हामीहरूले गरेका पापको स्वीकार तथा प्रायश्चित गर्नैपर्छ (१ यूहन्ना १:९)। परमेश्वरलाई हामीले ठग्न सक्दैनौं (अरूलाई ठग्न सकेतापनि)। हामीहरू दुरुस्त जस्तो छौं त्यस्तै उहाँले हेर्नुहुन्छ। हामी प्रार्थना गर्दा हामी धुलोमा लडिरहेको मुर्दा जस्तो हुनुपर्छ (बिलाप ३:२९)। यस्तो काम र चित्रणले यो देखाउँदछ कि परमेश्वरप्रति हामीहरूको गहिरो श्रद्धा र उहाँको सामु हामी आत्मिकरूपमा कत्तिको नाङ्गो छौं भनेर प्रकट गर्दछ।

हितोपदेश ३०:८मा लेखकले परमेश्वरसँग आफूलाई गरिब नबनाइ दिनोस् न त धनी नै भनेर याचना गर्दछन्। त्यस पदमा "दिनुहोस्" भन्ने क्रियापद पहिलो पल्ट मानव जीवनसँग सम्बन्धमा उल्लेख गरेको छ। परमेश्वरले दिनुहुने खानाको बरदानलाई लिएर यस क्रियापद लेखिएको थियो (उत्पत्ति १:२९)। त्यसैकारण प्रार्थना गर्दा

खानेकुराको विषयलाई समावेश गर्नुप्रायजसो धेरै संस्कारमा भएको हामी पाउँछौं। मानिसलाई चाहिने खाना आधारभूत आवश्यकता हो। जब प्रार्थनामा खानालाई उल्लेख गर्छौं तब हामीहरूको आधारभूत आवश्यकता परमेश्वरमा नै भर पर्छ भनेर देखाउँदछ। हामीहरूको जीवनलाई सम्हाल्न र सुरक्षित राख्न प्रार्थनाको अनुभव अत्यन्त महत्त्वपूर्ण छ भनेर त्यसले देखाउँदछ।

ती दुई आवश्यकताको परिपूर्तिको निम्ति प्रार्थना गर्दा एक मूल लक्ष्य मनमा राख्नुपर्छः त्यो हो परमेश्वरको महिमा गर्नु। यदि हामी अभावै अभावमा हामीहरूको जीवनलाई हुर्कायौं भने हामी चोर्न वाध्य हुन जान्छौं जसले गर्दा परमेश्वरको बेइज्जत वा अपमान हुन्छ। यदि हामी धेरै धनी छौं र केहीको कमी छैन भने हामीलाई परमेश्वरको आवश्यकताको महसूस हुँदैन। त्यतिमात्र होइन परमेश्वरको अस्तित्वलाई पनि अस्वीकार गर्न हामी पछि पर्दैनौं।

प्रभुले सिकाउनुभएको प्रार्थनामा ती दुवै विषयवस्तुहरू समावेश भएका छन्। (१) हामीलाई दैनिक भोजन दिनुहोस् (मत्ती ६:११) जसको अर्थ हामीहरूको आवश्यकतालाई परिपूर्ति गरिदिनुहोस् तर त्यो भन्दा ज्यादा होइन भनेर भन्न खोजेको पाइन्छ। (२) हामीहरूलाई परिक्षामा नपार्नुहोस् (मत्ती ६:१३)को अर्थ हामीहरूको आवश्यकताको हेरचाहा परमेश्वरले नै गरोस् भन्न खोजेको हो।

**तपाईं परमेश्वरमाथि कतिको भरपर्नुभएको छ सो सोच्नुहोस्। त्यही महत्त्वपूर्ण तथ्यलाई मनमा राखि छोड्दा विश्वासमा अघि बढ्नु जरुरत भएको कसरी देखाउँछ? परमेश्वरमा भरपर्नु आवश्यक नभएको ठान्दा त्यसले कस्तो खतरा उत्पन्न गराउन सक्छ?**

## ४. अभिमानी वा फाइफुट्टी गर्नेहरूको क्रियाकलाप (हितोपदेश ३०:१२,२०)

नम्र र कोमल हुंदा सकारात्मक मनस्थिति पैदा गर्न सक्छ र त्यसले सबैको निम्ति आशिषमय हुनसक्छ। तर नम्र हुनबाट तथा झुक्न सक्ने गुणलाई लत्याउँदा त्यो खतरापूर्ण हुनसक्छ र त्यसले

अभिशाप ल्याउन सक्छ। नम्र, कोमल र झुक्न जाने गुण असल हो र यसले सकारात्मक परिणाम ल्याउँछ। यो फलदायी र इनाम पाउने चरित्र हो। तर हितोपदेश ३०ले अभिमानी हुँदा र फाइफुट्टी लाउँदा त्यसले ल्याउने खतराको बारेमा सतर्क गराएको छ।

*आमाबाबुलाई श्राप दिनु (हितोपदेश ३०:११,१७)।* यस हितोपदेश अध्यायको लेखक अगुरले उपरोक्त विषयलाई अघि सारेर यो अध्याय अघि बढ्दछ। आमाबाबुलाई श्राप दिनु अत्यन्त गम्भिर पाप हो र त्यसले छोराछोरीहरू कतिको घमण्ड वा अभिमानी छन् भनेर देखाउँदछ। दश आज्ञाहरूमा त्यो मात्र एउटा आज्ञा छ जसमा आमाबाबुको सम्मान गर्दा र तिनीहरूको निम्ति आशिष हुँदा जीवन पाउने प्रतिज्ञा दिएको छ (प्रस्थान २०:१२, एफिसी ६:२,३)। तत्कालिन यहूदी संस्कारमा आमाबाबुको निम्ति अभिशाप हुने सन्तानलाई मृत्यु दण्ड दिइने प्रावधान राखेको थियो (प्रस्थान २१:१५,१७)।

अरूभन्दा आफू धर्मी वा पवित्र छु भनेर आत्मगौरब गर्नु (प्रस्थान २१:१५,१७)। धर्मको खोल लगाएर आफू अरूभन्दा पवित्र वा धर्मात्मा वा असलै छु भनेर धाक लगाउने पापीको स्वभाव बाइबलमा खराब मानिन्छ। त्यस प्रकारको मनस्थितिले तिनीहरू झन पापमै रहिरहेको देखाउँछ। त्यस खालका मानिसहरू आफू सिद्ध, शुद्ध र निष्कलङ्क छु भनेर देखाउँदै परमेश्वरबाट क्षमाको आवश्यकता नभएको ठान्दछन्। त्यसैकारण हामीहरूले पाप वा नराम्रो कामको स्वीकार गर्नु भनेको क्षमा प्राप्त गर्नुजत्तिको महत्त्वपूर्ण छ (१ यूहन्ना १:९)। लावदिशिया चर्चका सदस्यहरूले आफू धनी, चलाक र लवाइखवाइमा आफूहरू कमी नभएको दावी गरेका थिए। तर तिनीहरू यथार्थमा गरिब, अन्धा र नाङ्गा थिए भनेर तिनीहरूलाई थाहा थिएन। यस्तो खालका दुरावस्थालाई सच्याउन र मर्मत गर्न परमेश्वरले तिनीहरूलाई चेतावनी दिनुभएको थियो (प्रकाश ३:१४-१८)।

"आफ्नो अध्यात्मिक ज्ञान र फाइदाहरूप्रति अत्यन्त अभिमान गरेका मानिसहरूको बारेमा प्रकाश ३:१४-१८मा उल्लेख गरेको छ।

तर तिनीहरूले पाउन योग्य नभएतापनि परमेश्वरले दिनुहुने आशिषलाई लत्याइरहेकाछन्। तिनीहरू परमेश्वरको खिलाफमा पूर्ण रूपमा विद्रोहमा लागेका हुन्छ। तैपनि जसरी कृतघ्न र बेपत्ता हुनचाहने छोराप्रति मायालु बुबाले व्यवहार गर्छन् त्यसरी नै तिनीहरूलाई परमेश्वरले व्यवहार गर्नुभएको छ। तिनीहरूले परमेश्वरको अनुग्रहलाई अस्वीकार गरेका छन्, उहाँले दिनुभएको बरदानहरूलाई दुरुपयोग गरेका छन् र तिनीहरूको हुनुपर्ने उन्नतीको अवसरलाई गुमाएका छन्। तिनीहरू धेरै आत्मसंतुष्टीले भरिएका छन् र परमेश्वरको करूणा र सदाशयताप्रति धन्यवाद चढाउँदैनन् र उहाँको आराधना गर्दैनन्।"-एलेन जी ह्वाइट, *फेथ दात वर्कस्,* पृ. ८३बाट रूपान्तरित।

*अरूलाई हेयको दृष्टिले हेर्नु* (हितोपदेश ३०:१३,१४)। यसमा घमण्डी मानिसको चित्रण राम्रोसँग गरेको छैन। तिनीहरूको हेराइमा नै अभिमानी र घमण्डपना देखाउँछ। तर तिनीहरूको अभिमानीपना हेराइमामात्र निहित हुँदैन। तिनीहरूले आफ्नो मनस्थिति र भावनाले आफूभन्दा कमजोरी मानिसहरूलाई हेप्ने बानीले हेर्छ। हितोपदेश ३०:१४मा उल्लेखित दाँत र बङ्गाराले तिनीहरू कतिको खराब छन् भनेर चित्रण गर्दछ।

**तपाईंले अरूलाई कस्तोगरि व्यवहार गर्नुभएको छ सो सोच्नुहोस्। अरूभन्दा आफू केहीमात्रामा माथि हुँदा तिनीहरूलाई हेप्न पनि तपाईं पुगेका होलान्। त्यस्तो बानी को सँग छैन होला र? तपाईंले सबैसँग न्यायोचितरूपमा कसरी व्यवहार गर्न सक्नुहुन्छ? जे ठीक छ सो त्यही गर्न तपाईंमा नम्र र कोमल आत्मा कसरी सञ्चित गर्ने?**

## ५. प्रकृतिबाट सिक्नुपर्ने पाठ (हितोपदेश ३०:१८,१९)

प्राकृतिक सम्पदाबाट अध्यात्मिक पाठ तथा अर्तीहरू सिकाउन विभिन्न उदाहरणहरू बाइबलभरि छरिएका छन्। यहाँ पनि हितोपदेशको अध्यायमा नम्र र कोमल हुने शिक्षा प्रकृतिबाट कसरी सिक्नुपर्छ भनेर हामीलाई देखाउँदछ।

**मानिसको समझशक्ति वा जतिसुकै मानिसले विद्वताको दावी गरेतापनि मानिसको बुझ्ने शक्ति सिमित छ भनेर हितोपदेश**

३०:१८,१९ले कसरी बताउँछ? हेर्नसहोस्ः "तीन वटा कुराहरू छन्, जो मेरो निम्ति साह्रै अचम्मका छन्, चार वटा जो म बुझ्नै सक्दिनँः १९ आकाशमा गरुडको चाल, चट्टानमाथि सर्पको चाल, महासमुद्रमा जहाजको चाल, र तरुणीसँग पुरुषको चाल।"

धेरै जस्तो मामुली वा साधारण कुराहरूमा कस्ता कस्ता रहस्यहरू रहेछन् भनेर यस हितोपदेश ३०का लेखक अगुरले बताउँदछन्। यहाँ दिएका उदाहरणहरू अत्यन्त घटलाग्दो छ। प्रथम दुई उदाहरणहरू जनावरहरूबाट लिएका छन्। गरुड चरा वा चील आकाशमा मस्तीसाथ उड्दछ। अर्कोचाहीँ पत्थरहरूमा चुपचाप सर्प घस्रेर बिलय हुन्छ। अनि अगुरले मानव क्रियाकलाप समावेश भएका दुई उदाहरणहरू प्रस्तुत गर्दछन्ः समुद्रमा जहाजको गति र स्त्री र पुरुषको सम्बन्ध। आज पनि जतिसुकै खुँखार वैज्ञानिकहरूको उदय भएतापनि वा वैज्ञानिक ज्ञानहरू छ्यापछ्याप्ती उब्जेतापनि कतिपय कुराहरू रहस्यमय नै छन्। जीवनको रहस्य र त्यसको गहिऱ्याइप्रति अचम्म मान्न र त्यसको आनन्दको उपभोग गर्न कहिल्यै पनि हट्नुहुन्न भन्ने महत्त्वपूर्ण विषयवस्तुलाई हामीले कहिल्यै पनि बिर्सनुहुन्न। हामीहरूले रहस्यहरूप्रति अचम्म मान्ने मनस्थिति तथा भावनाहरूलाई जगाइ राख्न सक्यौं भने परमेश्‍वरको सामु झुक्न निश्‍चय नै सहयोग पुग्न सक्छ।

प्रकृतिबाट अरू के के रहस्यहरू छन् जुन् अगुरको ध्यान जान्छन् र अचम्म मान्छन्? हेर्नुहोस् हितोपदेश ३०:२४-३१ "पृथ्वीमा चार वटा कुराहरू साना छन्, तापनि तिनीहरू अत्यन्तै बुद्धिमान् हुन्छन्ः २५ कमिला थोरै बल भएका प्राणी हुन् तापनि ग्रीष्म ऋतुमा नै तिनीहरू आफ्नो भोजन सञ्चय गर्छन्, २६ पहराको न्याउरीमूसो; कमजोर जन्तु तर तिनीहरूले आफ्नो घर पहरामा बनाउँदछन्, २७ सलहका राजा हुँदैन तापनि तिनीहरू लहरै हूल बाँधेर अगि बढ्छन्, २८ छेपारालाई हातले पक्रन सकिन्छ तापनि राजाको महलमा यो पाइन्छ। २९ "तीन वटा कुरा छन् जो आफ्नो हिँड़ाइमा रवाफिला हुन्छन्, चार जुन शानसँग यताउता हिँड्छन्ः ३० सिंह पशुहरूमध्ये बलिष्ठ हुन्छ,

**जो कुनै कुराअगि हच्कँदैन, ३१ शानदार हिँड्ने कुखुराको भाले, र बोका, अनि सेना आफ्नो वरिपरि राखेर हिँड्ने राजा।"**

मानिसको मूर्खता, फाइफुट्टी वा के के न छु भनेर घमण्ड गर्ने बानी र पापको बारेमा हितोपदेश ३०:२०-२३ गरेको चर्चा पनि सोचनिय नै छः "व्यभिचारिणीको चाल यस्तो हुन्छः त्यसले खान्छे र आफ्नो मुख पुछ्छे,
र त्यसपछि भन्छे, 'मैले केही गल्ती गरेकै छैनँ।' २१ "तीन वटा कुराबाट पृथ्वी काम्छ, चार वटा कुरा जुन त्यसले खप्नै सक्दैनः २२ चाकर राजा भएको, मूर्ख टन्न अघाएको, २३ माया नपाएकी स्त्रीले विवाह गरेकी, चाकर्नी जो आफ्नी मालिक्नीलाई पन्छाएर तिनको ठाउँमा बस्छे।"

अनि फेरि आगुरले मानव रहस्यको चर्चा गरेपछि तुरन्तै सानो र नम्र पशुहरूलाई औंल्याउँछन्। उनले हिब्रू भाषाको "बुद्धि" भन्ने त्यही शब्द पशु, मानिस (हितोपदेश ३:१३) र परमेश्वर आफैलाई प्रयोग (अय्युव १२:१३, भजन १०४:२४) प्रयोग गर्दछन्। आजपनि अत्याधुनिक विज्ञानको बावजुद पनि ती ससाना पशुहरूको चालहरू मानव मस्तिश्क भन्दा अपार भइरहेको पाइन्छ। बुद्धिमानी आगुरलाई आफ्नो समयमा ती जन्तुजनावरहरूको चालहरूले रनभुल्ल पारेका थिए। उनी अत्यन्त बुद्धिमानी थिए किनभने बुद्धिमानीमा हुनुपर्ने महान् गुणहरूमा सानातिना वा साधारण कुराहरूको बारेमा पनि अल्पज्ञान भएको स्वीकार गर्नु हो।

**हेर्दा मामुली देखिने प्रकृतिका केही वस्तुहरूको बारेमा सोच्नुहोस्ः रुखको पात, पानीको थोपा, समुद्रको शङ्खकिरा आदि। ती साधारण वा मामुली कुराहरूमा त कतिपय रहस्यमय छन् भने हामीलाई सबै कुरा थाहा छ भनेर फाइफुँट्टी लगाउनुको केही अर्थ छ र? के प्रकृतिका रहस्यहरूले हामीलाई नम्र बनाउन सघाउन दिनुहुन्न र?**

## उपसंहारः

**थप जानकारीः** "परमेश्वरको वचनप्रति हाम्रो श्रद्धा गहिरो हुनुपर्छ। पवित्र बाइबललाई हामीले सम्मान गर्नुपर्छ, त्यसलाई मामुली धर्मशास्त्र

भनेर कहिल्यै पनि ठान्नुहुन्न न त जथाभावी त्यसलाई प्रयोग गर्नुहुन्छ। र बाइबललाई ठट्टाको रूपमा र यसमा भएका वचनहरूलाई केवल उखानहरूको रूपमा कहिल्यै पनि प्रयोग गर्नुहुन्न। "परमेश्वरको प्रत्येक वचन शुद्ध छ", "पृथ्वीको आगोको भट्टीमा पोलेको र सातपल्ट नराम्रो कुराहरूलाई खारेको चाँदी जस्तो छ" हितोपदेश ३०:५, भजन १२:६।"-एलेन जी ह्वाइट, *एजुकेशन,* पृ. २४४बाट रूपान्तरित।

"आफ्ना चेला र सर्वसाधारण मानिसहरूलाई सम्बोधन गर्नुभएको येशूका प्रथम् वचनहरू आशिषका वचनहरू थिए। आत्मिक हिनताबोध भएकाहरू र मुक्ति पाउनुपर्ने तिनीहरूको चाहनालाई पहिचान गर्न सक्नेहरू धन्यका हुन् भनेर येशूले भन्नुभएको थियो। गरिबहरूलाई सुसमाचार सुनाउनुपर्छ। धर्ममा घमण्ड गर्नेहरू वा आफू आत्मिक ज्ञानमा सम्पन्न छु भनेर फुईं गर्नेहरू र धनी भएकोले मलाई केहीको विशेष गरेर परमेश्वरको आवश्यकता छैन भनेर अभिमान गर्ने मानिसहरूलाई जबरजस्ती सुसमाचार सुनाउनु आवश्यक छैन। तर नम्र तथा कोमल हृदय भएकाहरू र आफ्ना पापहरूले लादिएको कारण दुःख मनाऊ गर्नेहरूलाई सुसमाचार सुनाउनुपर्छ। जबसम्म मानिसले आफ्नो कमजोरलाई स्वीकार गर्दैन र सबै अभिमानहरूबाट नाङगिदैन तबसम्म उसको आध्यात्मिक तथा मानसिक रोगलाई निको पार्न केही गर्न सक्नुहुन्न। परमेश्वरको मातहतमा रहन उसले आफूलाई परमेश्वरमा सुम्पन्नु पनि पर्छ। अनिमात्र उसको निम्ति साँचिराखेको परमेश्वरको बरदानको उपभोग उसले गर्न सक्छ। जो मानिस आफ्नो आतवश्यकताको महसूस गर्दछ त्यसको निम्ति केही कुरा पनि रोकेर राखिन्दैन। परमेश्वरको सम्पूर्णता भएको येशूमा जान उसको निम्ति असिमित मार्ग खुला गरिएको छ।" एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्, पृ.* २९९,३००बाट रूपान्तरि।

**चिन्तनमनन:**

अ. मुक्तिको योजनाको बारेमा र हामीलाई मुक्ति दिन कस्तो महान् मोल चुकाउनुपर्‍यो त्यसको बारेमा गहिरिरिएर सोच्नुहोस्। हामी यस्तरी पतित भएकाछौं, कलङ्कित छौं र दुष्ट छौं कि

हामीहरूको पापबाट हामीलाई उद्धार पाउन हामी आफैले केही पनि गर्न सक्दैनौं। हामीहरूको सट्टामा अधिकारिक उभिदिने व्यक्तिको खाँचो छ। हामीले जतिसुकै धर्मकर्म वा परोपकारी काम गर्दापनि परमेश्वरको राज्यमा पस्न हामी योग्यका छैनौं। परमेश्वरको सामु निर्दोष हुन र उहाँको समिप ठीक बन्न केवल येशूको धार्मिकतामात्र पर्याप्त छ। अभिमान गर्नु, घमण्डले फुल्नु वा आफू के के न के हुँ भनेर धन, जात, प्रतिष्ठा आदिहरूको कारण फाइफुट्टी लगाउनु जस्तो पाप हामी जस्तो मानिसको निम्ति महापाप रहेछ भनेर उपरोक्त आत्मज्ञानले कसरी सिकाउँछ?

आ. हामीहरूको जीवन परमेश्वरमा कतिको भरपर्नुपर्छ भनेर केही तत्वहरू के के छन्? हामीहरूको जीवन परमेश्वरमाथि कतिको भरपर्नुपर्दो रहेछ भनेर प्रकृतिमा भएका कस्ता कस्ता कुराहरूले देखाउँछन्?

इ. हितोपदेश ३०:७-९मा उल्लेखित प्रार्थनामा गहिरोसँग ध्यान दिएर सोच्नुहोस्। त्यहाँ दिएको संतुलित बिचारको बारेमा सोच्नुहोस्। हामीहरूले गर्ने सबै कामहरूलाई कसरी संतुलनमा राख्ने? उचित शारीरिक, मानसिक र आत्मिक स्वास्थको निम्ति हामीहरू संतुलित भएर चल्नु किन जरुरी छ?